नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.- ५१३ दायर मिति-: २०८१/०१/१६

फैसला मिति- २०८१/०२/२१

वादी

विनोद गिरीको जाहेरीले नेपाल सरकार

नेपाल सरकार..........................१

प्रतिवादी

जिल्ला पर्सा पोखरीया न.पा.वडा नं. १ घर भई हाल ऐ.ऐ.वीरगन्ज महानगरपालिका वडा नं.१० घडिअर्वा नयाँबस्ती बस्ने बिनोद गिरीको छोरा बर्ष २८ को प्रितम गिरी ...........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीले बुवा जाहेरवाला लगायत आमा समेतसँग बाद-विवाद गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त ।
२. बुवा जाहेरवाला लगायत आमा समेतसँग बाद-विवाद गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. बुवा जाहेरवाला लगायत आमा समेतसँग बाद-विवाद गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई अभद्र व्यहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सोनु कुमार सोनकर समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिति बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा मिति २०८१।०१।०९ गते जिल्ला पर्सा वीरगंज म.न.पा. वडा नं.१० घडिअर्वास्थित म जाहेरवालाको घर आगँनमा प्रतिबादी प्रितम गिरीले म लगायत घर परिवारका सदस्यहरुसँग बाद-विवाद गरी विभिन्न किसिमको गाली गलौज गर्दै हातपात गर्ने प्रयास समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का , सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी प्रितम गिरीलाई कैद दिन ७ र जरिवाना ५०००/- अक्षरेपी पाँच हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी प्रितम गिरी लाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१-०१-०९ देखि २०८१-०१-१५ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५१६/२०८१/०१/१६ बाट दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरीवाना रु.५०००/- कट्टी गर्नु ------------------------------------------------------------------------------------------ १

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना २१ गते सोमवार रोज २/ ने.सं. ११४४ बछलागा द्वादशा,शुभम् ........